# नयाँ बिद्यालयहरु / नयाँ बिद्यालय नमुना कार्यलय को बारे धेरै सोधिएका प्रश्नहरु

**नयाँ बिद्यालय नमुनाहरुको कार्यालय किन, र अहिले किन?**

सम्पूर्ण विद्यार्थीहरुको आवश्यकताहरु पुरा गर्न र हरेक विद्यार्थीले उच्च गुण भएको शिक्षा प्राप्त गरुन भनेर सुनिश्चित गर्न बिद्यालय जिल्लालाई उत्कृष्ठ बिद्यालयहरु बिकास गर्ने प्रणाली बनाउन नयाँ बिद्यालय नमुना कार्यालयको लक्ष्य हो। यो कार्यालयले धेरै आपेक्षा र धेरै सहयोग दिने व्यक्तिगत शिक्षा भएको नविन बिद्यालय र नमुनाहरुको योजना बनाउँछ र बढाउँछ। यो कार्यालयले अनुसन्धान, योजना, र धेरै प्रभावकारी नयाँ नमुनाहरुको राम्रो प्रचलनहरु संस्थागत बनाउन राम्रो उदाहरणको समर्थन गर्ने छ।

**के नयाँ बिद्यालयहरु खोल्दा अरु बिद्यालयहरु बन्द गर्नु पर्छ?**

२०१३-२०१४ शैक्षिक बर्षमा कुनै पनि बिद्यालय बन्द गरिने छैन। उत्कृष्ट बिद्यालय प्रणालीको बिकास गर्न नयाँ राम्रा बिद्यालयहरु बनाउन बिद्यालय जिल्लाको योजनाको एक भाग हो। २०१२- २०१३ सालमा बिद्यालय जिल्लाका बिद्यालयहरु बन्द गर्नु ड हाइटले भन्ने भएको जस्तै दुई वटा कारण थियो: पहिलो कारण फिलाडेल्फियाका सम्पूर्ण विद्यार्थीहरुको शैक्षिक परिणाम सुधार गर्न र दोस्रो बिद्यालय जिल्लाको आर्थिक अवस्था सुनिश्चित गर्न। भविश्यमा विद्यार्थीहरुको आवश्यकता अनुसार बिद्यालय जिल्लाले भएको बिद्यालयहरु परिवर्तन गर्ने वा बन्द गर्ने र राम्रो प्रदर्सनी गर्ने बिद्यालयमा अझै ठाउँ बनाउन बिचार गर्ने छ।

**के भविश्यमा बिद्यालय जिल्लाले नयाँ बिद्यालयहरु खोल्ने योजना छ?**

विद्यार्थीहरुको शैक्षिक परिणाम सुधार्ने सस्तो दृष्टिकोणहरु मुल्याङ्कन गर्ने प्रक्रियामा बिद्यालय जिल्ला संलग्न छ। सो कार्यको लागि नयाँ बिद्यालय नमुना कार्यालय विद्यार्थीहरुको परिणाम सुधार्ने, सस्तो र विद्यार्थी, शिक्षक, र आमा बुवाहरुको सुझाव द्वारा निर्माण गरिएको नयाँ उच्च माध्यमिक बिद्यालयको नमुनाको अनुसन्धान र निर्माणमा हाल संलग्न छ। नयाँ बिद्यालयहरु खोल्न बिद्यालय सुधार समिती द्वारा अनुमोदन गर्नु पर्ने हुन्छ र बहुमतको मतदान द्वारा सम्भव हुन्छ।

यदी तपाईंलाई थप जानकारी चाहिन्छ भने यहाँ www.philasd.org/newschoolmodels जानु होला वा newschoolmodels@philasd.org ईमेल गर्नु होला।

**२०१४-२०१५ सालको शरद महिनामा कुन नयाँ बिद्यालयहरुको प्रस्तव गरिएको छ?**

२०१४ सालमा खोल्ने तीन वटा सानो, शिक्षाको आधारमा छनोट नगर्ने उच्च माध्यमिक बिद्यालयको व्याख्या दिइएको छ।

**द यु स्कुल** (**The U School** (at the Ferguson Campus, 2000 North 7th Street)): यो बिद्यालय सानो, शिक्षाको आधारमा छनोट नभएको उच्च माध्यमिक बिद्यालय हो। बिद्यालय सुधार समितीको अनुमोदन

पछी यो बिद्यालय २०१४-२०१५ सालको शरद महिनामा खुल्छ र यो बिद्यालयले ११५ जना कक्षा ९ का विद्यार्थीहरुको सेवा गर्ने छ। यो बियालयमा विद्यार्थीहरुले आफ्नै शिक्षाको निर्देशन गर्ने छन् र आफ्नो समुदायमा भएको समस्याको समाधान गर्ने शहरी योजनाकार हुने छन्। विद्यार्थीहरु दक्षता मा आधरित पाठ्यक्रममा संलग्न हुने छन् जस्मा उनिहरुले आफ्नै समयमा शिक्षा प्राप्त गर्न सक्ने छन्। यो बिद्यालयमा दिजिटल यन्त्रहरु हुने छन् र विद्यार्थीहरुले शिक्षा र पारीयोजना कार्यहरुको लागि प्रविधीहरुको प्रयोग गर्ने मौका प्रदान गर्छ। बिद्यालयले अहिले विद्यार्थीहरुको शिक्षा सहयोग गर्न र युवाहरुको वस्यकहरु सँग सम्बन्ध बनाउन र प्रशिक्षा सम्मिलित भएको वास्तविक शिक्षा अनुभव गराउन धैरै सामुदायिक साझेदारीको बिकास गर्दै छ।

**द एल आइ एन सि** (**The LINC** (नयाँ सन्धर्भमा शिक्षा /Learning in New Contexts) (at the Clemente Campus, 122 W East Eire Avenue)): यो बिद्यालय सानो, शिक्षाको आधारमा छनोट नभएको उच्च माध्यमिक बिद्यालय हो। बिद्यालय सुधार समितीको अनुमोदन पछी यो बिद्यालय २०१४-२०१५ सालको शरद महिनामा खुल्छ र यो बिद्यालयले ११५ जना कक्षा ९ का विद्यार्थीहरुको सेवा गर्ने छ। यो बिद्यालयका विद्यार्थीहरुले विश्वको बारे जानकारी र नेत्रित्व योग्यता प्राप्त गर्ने छन्। बिद्यालयमा भएका साथ साथै र विश्वव्यापी सन्धर्भमा भएका बिभिन्न संस्कृति र समुदायलाई सम्मान गर्ने पाठ्यक्रम पढ्ने छन्। स्थानिय, राष्ट्रिय, र विश्वव्यापी समस्याहरुमा आधारित कार्यहरु गर्ने छन् र आफ्नै समयमा शिक्षा प्राप्त गर्न दिने दक्षतामा आधारित पाठ्यक्रममा संलग्न हुन्छन्। यो बिद्यालयमा दिजिटल यन्त्रहरु हुने छन् र विद्यार्थीहरुले शिक्षा र पारीयोजना कार्यहरुको लागि प्रविधीहरुको प्रयोग गर्ने मौका प्रदान गर्छ। बिद्यालयले अहिले विद्यार्थीहरुको शिक्षा सहयोग गर्न र युवाहरुको वयस्कहरु सँग सम्बन्ध बनाउन र प्रशिक्षा सम्मिलित भएको वास्तविक शिक्षा अनुभव गराउन धैरै सामुदायिक साझेदारीको बिकास गर्दै छ।

**बिल्डिङ २१** (**Building 21** (at the Ferguson Campus, 2000 North 7th Street)) यो बियालय सानो, शिक्षाको आधारमा छनोट नभएको उच्च माध्यमिक बिद्यालय हो। यो बिद्यालयले दक्षतामा आधारित शैक्षिक नमुना प्रदान गर्छ जस्ले विद्यार्थीहरुले कसरी र कहाँ शिक्षा प्राप्त गर्छ भनी समायोजना प्रदान गर्छ। मिसिएको शिक्षा, समस्या मा आधारित शिक्षा र अनुभवमा आधारित शिक्षा र अनुभवमा आधरित शिक्षा सम्मिलित भएको शैक्षिक मौकाहरु मध्ये छनोट गर्न र व्यक्तिगत् शिक्षाको बाटो निर्माण गर्न विद्यार्थीहरुलाई सहयोग गरिन्छ। पत्रकारिता, बातावरण शिक्षा र व्यक्तिगत आर्थिक अवस्था जस्ता बिषयहरुका वरीपरी बनाइएको स्टुडियोहरुमा विद्यार्थीहरु सम्मिलित हुन्छन्। स्टुडियो मा प्राप्त गरेको शिक्षाले विद्यार्थीहरुलाई उनिहरुले प्राप्त गरेको योग्यता र ज्ञान चलाई वास्तविक समस्या समाधान गर्ने मौका दिन्छ। यो बिद्यालयले विद्यार्थीहरुलाई प्रशिक्षा र भर्ना मौका प्राप्त गर्न सहयोग गर्ने छ।

बिल्डिङ २१ को नमुना बारे थप जानकारी प्राप्त गर्न http://www.b-21.org जानु होला।

**दक्षतामा आधरित शिक्षा बिद्यालय वा नमुना के हो**?

व्यापक योग्यता, शिक्षा, व्यवहार र मानसिक्तामा बिभिन्न तरिकाले अधिन गरेको प्रदर्सनी अनुसार विद्यार्थीको स्नातक तर्फ प्रगती वा प्रमाण आधरित् हुने शैक्षिक बिद्यालय र नमुना हो।

१ अधिन भएको खण्डमा विद्यार्थीहरु अघी बढ्ने छन्

२ दक्षताहरुमा विद्यार्थीहरुलाई सशक्त पार्ने स्पष्ट, नाप्न मिल्ने, सरुवा गर्न मिल्ने शैक्षिक लक्ष्यहरु हुन्छ

३ विद्यार्थीहरुको लागि मुल्याङ्कन अर्थपूर्ण र सकारात्मक शैक्षिक अनुभव हुन्छ

४ व्यक्तिगत शैक्षिक आवश्यकताको अनुसार विद्यार्थीहरुले समयमै सहयोग प्राप्त गर्ने छन्

५ शैक्षिक परिणामहरुमा जोर दिने दक्षताहरुले आवेदन र शिक्षाको श्रिस्ठीका साथ साथै महत्वपूर्ण योग्यता र मानसिक्तालाई प्रभाव गर्छ

**नयाँ बिद्यालयहरुको बारे हामीले कसरी जानकारी पाउन सक्छौँ**?

कृपया तल दिइएको वेबसाईट जानु होला। हरेक बिद्यालयको वेबसाइट बनाइएको छैन तर भविश्यमा बनाइन्छ।

**यु स्कुल** र एल **आइ एन सि** को लागि बिद्यालय जिल्लाको नयाँ बिद्यालय नमुना कार्यालयको वेब साइटमा जानु होला www.philasd.org/newschoolmodels

**बिल्डिङ २१** को लागि नयाँ बिद्यालयको नमुना कार्यालयको वेब पेजमा जानु होला www.b-21.org
थप जानकारीको लागि newschoolmodels@philasd.org ईमेल गर्नु होला।

अरु केहि प्रश्न भएमा कृपया फोन गर्नु होला ____________________

**यो बिद्यालयमा को भर्ना हुन सक्छन्?**

तीन वटै बिद्यालयहरुले फिलाडेल्फियाका कक्षा ८ बाट पास हुने विद्यार्थीहरु स्विकार गर्ने छन्। बिद्यालयहरुको लागि कुनै मापदण्ड छैन। रुची भएका विद्यार्थीहरु आफ्नो परिवार र बिद्यालयको सल्लहकार सँग मिली एक पानाको आवेदन भर्नु पर्छ। आवेदन पत्रहरु अन्लाईन उपलब्ध छ www.philasd.org/newschoolmodels।

बिद्यालय भएको ठाउँको समुदायको युवाहरुको सेवा गर्न र आफ्नो शिक्षाको आवश्यकता र रुची पुरा गर्छ भनेर बिचार गरेका फिलाडेल्फियाका विद्यार्थीहरुको सेवा गर्न हरेक बिद्यालय प्रतिबद्ध छ। पहिलो सालमा कम्तीमा ५० प्रतिशत ठाउँहरु बिद्यालयको वरीपरीको क्षेत्रको विद्यार्थीहरुको लागि आरक्षित गरिएको हुन्छ। बाँकी भएको ठाउँ शहरका अरु विद्यार्थीहरुको लागि खुल्ल हुन्छ।

नयाँ जानकारीकोलागी कार्यालयको www.philasd.org/newschoolmodels वेबसाईट बेला बेला हेर्नु होला।

**हरेक बिद्यालयको बिशेष भर्ना जानकारीको तल दिइएको छ**

फर्गसन क्याम्पस मा भएको **द यु स्कुल** र क्लेमेन्टे क्याम्पस भएको **एल आइ एन सि:** २०१४को शरद महिनामा हरेक बिद्यालयले १०० देखी ११५ जना कक्षा ९ का विद्यार्थीहरुलाई सेवा गर्न खुल्ला हुन्छ। यि बिद्यालय हरेक बर्ष ठुलो हुने छन् र २०१७-२०१८ साल सम्म लगभग ४६० विद्यार्थीहरुलाई सेवा गर्ने लक्ष्य हुने छ। एउटा बिद्यालय नोर्थ ७ स्त्रिट र नोरिस स्त्रिटको फर्गसनमा हुने छ। अर्को बिद्यालय १२२ वेष्ट इरी अवेनुको रोबेर्टो क्लेमेन्टे माध्यमिक बिद्यालयमा हुने छ। दुबै बिद्यालयहरु उत्तर फिलाडेल्फियामा हुन्छ र यि बिद्यालयहरु शिक्षामा आधारित हुने छैन र भर्ना चिट्ठा द्वारा हुने छ, ५०% विद्यार्थीहरु वरी परी क्षेत्रको ११ वटा जिप कोड बाट लिइने छ र अरु ५०% शहरका अरु भाग बाट लिइने छ, वा अरु फिलाडेल्फिया जिप कोडबाट लिइन्छ।

फर्गसन क्याम्पस मा भएको **बिल्डिङ २१**: २०१४को शरद महिनामा हरेक बिद्यालयले १५० जना कक्षा ९ का विद्यार्थीहरुलाई सेवा गर्न खुल्ला हुन्छ। यि बिद्यालय हरेक बर्ष ठुलो हुने छन् र २०१७-२०१८ साल सम्म ६०० विद्यार्थीहरु हुने लक्ष्य हुने छ। यो बिद्यालय उत्तर फिलाडेल्फियाको नोर्थ ७ स्त्रिट र नोरिस स्त्रिट को फर्गसनमा **द यु स्कुल** सँग हुने छ। यो बिद्यालयको छनोट शिक्षामा आधारित हुने छैन र ६०% विद्यार्थीहरु वरीपरीको ११ जिप कोड बाट चिट्ठा द्वारा भर्ना गरिन्छ र ४०% शहर व्यापीका विद्यार्थीहरु वा अरु फिलाडेल्फियाका जिप कोड बाट भर्ना गरिन्छ।

११ वटा जिप कोडहरु: १९१२०, १९१२१, १९१२२, १९१२४, १९१२५, १९१३०, १९१३२, १९१३३, १९१३४, १९१४० हुन (19120, 19121, 19122, 19123, 19124 19125, 19130, 19132, 19133, 19134, 19140)

**भर्ना प्रक्रिया के हो?**

कक्षा ८ बाट पास हुने विद्यार्थीहरुले घरमा वा बिद्यालयको सल्लहकार सँग एक पानाको भर्ना फारम पुरा गर्ने छन्। यो भर्ना प्रक्रिया मार्च २४, २०१४ मा खुल्छ। नयाँ बिद्यालय नमुना कार्यालयले बिद्यालय बढाउन बिद्यालयका सल्लहकार, जिल्ला व्यापी प्रधानाध्यापक का साथ साथै समुदायिक समुहाहरु सँग संपर्क गर्ने छन्।

भर्ना फारममा विद्यार्थीहरुले आफ्ना बिलक्पहरु प्राथमिकता अनुसार लेख्ने छन्। विद्यार्थी भर्ना र नियुक्ती कार्यालय र जानकारी प्रबिधी कार्यालयले खाली ठाउँको १) ११ वटा जिप कोड अनुसार र २) शहर व्यापी जिप कोड अनुसार चिट्ठा चलाउँछ।

**भर्नाको समय तालिका**

मार्च २४: तीन वटा नयाँ बिद्यालयको नमुनाहरुको लागि आवेदन प्रक्रिया खुल्छ

अप्रिल २५: नयाँ बिद्यालयहरुको लागि आवेदन प्रक्रिया बन्द हुन्छ
जुन ९ को हप्ता:विद्यार्थीहरु र परिवारहरुको लागि नयाँ बिद्यालयहरुले अन्तिम सुचना दिन्छ

भर्नाको प्रक्रिया बारे थप जानकारी र सुचनाको लागि वेबसाईट जानु होला: www.philasd.org/newschoolmodels

**के व्यक्तिगत शिक्षा योजना भएका विद्यार्थीहरु वा अङ्ग्रेजी भाषा शिक्षार्थीहरुले यि बिद्यालयमा भर्ना हुन चाहन हुन्छ?**
सम्पूर्ण विद्यार्थीहरुलाई नयाँ बिद्यालयमा आवेदन पत्र भर्न प्रोत्साहित गरिन्छ। व्यक्तिगत शिक्षा योजना भएका विद्यार्थीहरु र अङ्ग्रेजी भाषा शिक्षार्थीहरुले यि प्रक्रियाको बारे जानकारी प्राप्त गर्न उनिहरुको सल्लाह्कारलाई वा बिशेष सेवा कार्यालय लाई २१५-४००-४१७० मा संपर्क गर्नु होला।

**के अनुशासनले बिषेश बिद्यालयमा पढेका बिद्यार्थीहरुले पनि आवेदन गर्न सक्ने छन?**
सबै बिद्यार्थीहरुलाई नयाँ बिद्यालयहरुमा आवेदन गर्न प्रोत्साहन गर्दछौं। वशेष गरी आठ कक्षामा पढ्ने बिद्यार्थी हरुलाई आवेदन गर्न प्रोत्साहन गरिएको छ।

**बिशेष भर्ना बिद्यालय, शहर व्यापी बिद्यालय र शिक्षामा आधरित छनोट नभएको बिद्यालयहरु मा फरक के छ?**
बिशेष भर्ना बिद्यालयहरु मा भर्नाको मापदण्ड धेरैनै प्रतिस्पर्धी हुन्छ। बिशेष भर्ना बिद्यालयमा स्विकार हुने विद्यार्थीहरुले बिद्यालयको मानकीकृत परिक्षा अंक, रिपोर्ट कार्ड अंक र भर्ना आवश्यकताहरु पुरा गर्नु पर्ने हुन्छ। शहर व्यापी बिद्यालयमा भर्नाको आवश्यकता काम हुन्छ तर मानकीकृत परिक्षा, उपस्थिती, अंकहरु र अनुशासनात्मक मापदण्ड हुन्छ। शिक्षा अनुसार छनोट नहुने बिद्यालयहरुको शिक्षा, उपस्थिती वा व्यवहारको अनुसार भर्ना मापदण्ड हुँदैन।

**आमा बुवा परिवार र सहयोग सामाग्री केन्द्रमा (Parent and Family Resource Centers) के मैले नयाँ उच्च माध्यमिक बिद्यालय नियुक्तीको आवेदनको लागि सहयोग पाउन सक्छु?**
उच्च माध्यमिक बिद्यालयको छनोट प्रक्रियाको आवेदन र स्पष्टिकरण आमा बुवा परिवार सहयोग सामाग्री केन्द्रमा उपलब्ध छ। बिद्यालयहरुको बारे जानकारी प्राप्त गर्न आमा बुवाहरुलाई बिद्यालय जिल्लाको वेबसाईट पनि उपलब्ध हुन्छ।

**भर्ना प्रक्रियाको बारे आधिक्रित जानकारी कहाँ पाउन सक्छु?**
सामान्य भर्ना जानकारी बिद्यालय जिल्लाको बिद्यालय नियुक्ती र भर्ना कार्यालयको वेबसाईट: http://webgui.phila.k12.pa.us/offices/s/student-placement. मा हेर्न सकिन्छ।